मोहन्याल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खिमडी, कैलाली
सुदूरपश्चिमप्रदेश, नेपाल

प.स.:०७९/०८०
च.नं. : १६८१

मोहन्याल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खिमडी, कैलाली २०७३

मितिः- २०८०।०३।०१

**विषयः- छात्रवृत्तिका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना।**

श्री सरोकारवाला सबै,
मोहन्याल गाउँपालिका, कैलाली।

उपर्युक्त विषयमा अध्यक्ष उपाध्यक्ष छात्रवृत्ति कोष सञ्चालन कार्यविधि, २०८० अनुसार आर्थिक अभावका कारण अध्ययनमा समस्या भएका जेहन्दार गरीब/विपन्न, दलित, अपाङ्ग, आदिवासी जनजाती विद्यार्थीहरु मध्धेबाट यस गाउँपालिकामा स्थायी रुपले बसोबास गरीरहेका, यस गाउँपालिकामा सञ्चालित विद्यालयमा माध्यमिक तह अध्ययनरत रहेका वा यस गाउँपालिकामा सञ्चालित माध्यमिक विद्यालयबाट कक्षा १२ उतिर्ण गरी हाल उच्च शिक्षा अध्ययन गरीरहेका विद्यार्थीले तपसिलका कागजात सहित कार्यविधिको अनुसूचि १ र २ को ढाँचामा अनुसूचि-३ अनुसार प्रतिबद्धता पत्र सहित सूचना प्रकाशित मितिले १०(दश) दिन भित्र यस कार्यालयमा आवेदन,पेश गर्नु हुन सरोकारवाला सबैमा सूचित गरिन्छ। समय नाघि आएका वा रित पूर्वक प्राप्त नभएका आवेदन उपर कुनै कारबाही गरिने छैन।

**तपसिल**

१. कक्षा ८, SEE/SLC, कक्षा १२ वा सो सरह उतिर्ण तथा माथिल्लो तह उतिर्ण गरेको ग्रेड सिट/चारीत्रिक प्रमाण पत्रको प्रतिलिपि,
२. दलित,आदिवासी जनजाती,सहिद वा द्धन्द्ध पिडित परिवारका सन्ततिको हकमा सम्बन्धित आयोग वा जिल्ला प्रशासन कार्यालयबाट सोही व्यहोरा खुलेको सिफारिस पत्रको प्रतिलिपि,
३. अति विपन्न वा गरीब र अपाङ्गको हकमा परिचयपत्रको प्रतिलिपि साथै सक्कल प्रति,
४. निवेदक हाल मोहन्याल गाउँपालिकामा स्थायी रुपले बसोबास गरिरहेको हो भनि सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,
५. विद्यार्थी हाल अध्ययनरत विद्यालय सामुदायिक विद्यालय/क्याम्पस हो भन्ने व्यहोराको सम्बन्धित वडा र शिक्षा शाखाबाट सिफारिस पत्र,
६. निवेदक टुहुरो भए आमा/बुवाको मृत्यू दर्ता प्रमाण पत्रको प्रतिलिपि वा अभिभावकले संरक्षण दिन नसकि अरु कसैको संरक्षणमा बसिरहेको भए उक्त व्यहोरा खुलेको सम्बन्धित वडाको सिफारिस पत्र,
७. कक्षा १२ सम्म अध्ययनरतको हकमा IEMIS बाट Generate गरेको र माथिल्लो तहको हकमा सम्बन्धित संस्थाबाट प्रमाणित विद्यार्थी परिचय पत्र, अभिभावकको नागरिकता र विद्यार्थीको जन्म दर्ताको प्रतिलिपि।

Website: https://mohanyalmun.gov.np/ email: ito.mohanyalmun@gmail.com